आज मिति २०७८ साल असार २२ गते मंगलवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१ : मिति २०७८/३/८ गतेको कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : बाढी पीडित परिवारलाई राहत वितरण तथा पूर्वाधारहरुको मर्मत एवं निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.३ : कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार अभियानको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.४ : विभिन्न कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५ : ठूला कृषि ट्याक्टरहरु हस्तान्तरण सम्बन्धमा ।
प्रस्ताव नं.६ : विद्यालय व्यवस्थापन समिति सम्बन्धमा ।
प्रस्ताव नं.७ : यस नगरपालिकाको आन्तरिक व्यवस्थापन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.८ : सेवा करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं. ९ : कृषि विकास कार्यक्रम अन्तर्गत सशर्त अनुदान तर्फको विभिन्न रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१० : निजी स्वास्थ्य संस्थाहरु दर्ता तथा नविकरण सम्बन्धमा ।
प्रस्ताव नं.११ : विभिन्न अत्यावश्यक योजना तथा कार्यक्रमहरुमा रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२ : मासु तथा दूध उत्पादन अनुदान उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.१३ : कोभिड-१९ को जोखिम भत्ता सम्बन्धमा ।

निर्णयहरु :

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७८/३/७ गते बसेको नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरु र कार्यान्वयन सम्बन्धमा बृहत रुपमा समिक्षा गरियो । चालु आर्थिक बर्षको समाप्तिको सम्वेदनशिलतालाई मध्येनजर गरी योजना फरफारक सम्बन्धी कार्यलाई सहजताका साथ अगाडी बढाउन सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आषाढ महिनामा परेको अविरल बर्षाका कारण यस नगरपालिका क्षेत्रभित्र आएको बाढी तथा पहिरोका कारण हुन गएको जनधनका क्षतिका सम्बन्धमा बृहत रुपमा छलफल गरियो । विभिन्न वडा कार्यालय र यस नगरपालिकाको विपद् व्यवस्थापन शाखाबाट प्राप्त प्रारम्भिक तथ्याङ्क अनुसार बाढी तथा पहिरोले यस नगरपालिका क्षेत्रभित्रका करिव ५५ घरपरिवारलाई क्षति पुऱ्याएको, कैयौं वस्तुभाउ, कुला/नहर तथा बाटाहरु क्षतिग्रस्त भएका, छाब्दी खोलाको बुद्धसिंह मार्गमा पर्ने मोटर पुल बगाएको, वडा नं. ९ माफ्फफाँट निवासी ७३ बर्षिय श्री नर बहादुर विष्ट कलेस्ती खोला तर्ने क्रममा खोलाले बगाई वेपत्ता पारेको र निजको खोजी कार्य जारी रहेको विषयमा बैठकमा जानकारी प्राप्त हुन आएको विषयलाई मध्येनजर गरी बाढी तथा पहिरोबाट पीडित घरपरिवारलाई तत्कालै राहत दिने, अवरुद्ध बाटाहरु खुलाउने, अन्य तत्काल मर्मत संहार गर्न सकिने खेत कुलाहरु, घरहरु मर्मत गराउने साथै छाब्दी खोलाको बुद्धसिंह मार्गमा पक्की पुलको वैकल्पिक व्यवस्थाका लागि सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गरी मोटरेवल बेलिब्रिज निर्माणका लागि पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा कोभिड-१९ का कारण यस नगरपालिकामा पर्न गएको विद्यमान असर र प्रभावका सम्बन्धमा बृहत रुपमा छलफल भयो । स्वास्थ्य तथा जनसंख्या शाखाबाट प्राप्त प्रतिवेदनको तथ्याङ्क बमोजिम कोभिड-१९ को नयाँ भेरियण्ट सहितको दोस्रो लहरका कारण यस नगरपालिका क्षेत्रभित्र २०७८ बैशाख देखि हालसम्मको अवधिमा जम्मा १६९१ जना व्यक्तिको पि.सि.आर. तथा एन्टिजेन परीक्षण गरिएकोमा जम्मा ८७८ जना व्यक्तिहरु संक्रमित हनु भएको, २३ जना संक्रमितहरुको दुःखद निधन हुन गएको, ७९२ जना व्यक्तिहरु संक्रमणमुक्त भईसक्नु भएको, ६३ जना सक्रिय संक्रमितहरु उपचारकै क्रममा रहनु भएको छ भने कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार अभियान अन्तर्गत यस नगरपालिकाद्वारा स्थापना गरिएको सामुदायिक आइसोलेसन केन्द्रमा जम्मा ८३ जना संक्रमितहरुको उपचार गरिएको छ । हाल अधिकांश संक्रमितहरु होम आईसोलेसनमा नै उपचाररत रहनु भएको हुँदा सामुदायिक आइसोलेसनमा कुनै पनि संक्रमित नरहनु भएको हुँदा सो आइसोलेसन केन्द्रको सरसफाईको व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या शाखालाई निर्देशन दिने साथै सामुदायिक आइसोलेसन केन्द्रमा संक्रमितहरुको उपचारका लागि खटिएका डा. सुरज घिमिरे, स्वास्थ्य शाखा प्रमुख लगायत अन्य स्वास्थ्य कर्मीहरु, एम्बुलेन्स चालक, शव बाहन चालक, जिल्ला प्रहरी कार्यालयका सुरक्षाकर्मीहरु र आइसोलेसनको नियमित व्यवस्थापनमा खटिने अन्य सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकालाई आवश्यक रहेका देहाय बमोजिमका कार्यविधिहरुको प्रस्ताव उपर बृहत रुपमा छलफल गरी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिकाको स्थानीय राजश्व परामर्श सहितको कार्य सञ्चालन कार्यविधि, २०७८

(ख) व्यास नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्य सञ्चालन कार्यविधि, २०७८

(ग) व्यास नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०७८

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका कार्यालयद्वारा कृषि क्षेत्रको व्यवसायिक प्रवर्द्धन गर्दै व्यवसायिक कृषकहरुको कृषिजन्य उत्पादनमा टेवा पुऱ्याउने उद्देश्यका साथ चालु आर्थिक बर्षको कृषि विकास तर्फको कार्यक्रम अन्तर्गत खरिद गरिएका २ थान ठूलो ट्याक्टरलाई विशेष गरी यस नगरपालिकाद्वारा धान उत्पादनको पकेट क्षेत्रका रुपमा तोकिएका क्षेत्रमा व्यवसायिक रुपमा क्रियाशिल रहेका कृषकहरुलाई सहयोग पुग्ने गरी हस्तान्तरण गर्ने र सो को व्यवस्थापन सो क्षेत्रका कृषक समूह/कृषि सहकारी संस्थाहरुले नै मिलाउने गरी आवश्यक व्यवस्था मिलाउन तथा सो सम्बन्धी नियमित अनुगमन गर्न सम्बन्धित वडाहरुलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका नगर कार्यपालिकाको मिति २०७८/३/७ गते निर्णय नं. १३ बमोजिम गठन हुने यस नगरपालिका क्षेत्रका विद्यालयहरुको तदर्थ व्यवस्थापन समितिमा सम्बन्धित विद्यालयका निवर्तमान अध्यक्षहरुलाई समेत आमन्त्रित सदस्यका हैसियतले अनिवार्य रुपमा सहभागी गराउने कार्यका लागि सम्पूर्ण विद्यालयहरुलाई पत्राचार गर्न यस नगरपालिकाको शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरे अनुसार नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको संयोजकत्वमा यस नगरपालिकाको देहाय बमोजिमको आन्तरिक नियन्त्रण समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने | – संयोजक |
| २. वडा अध्यक्ष श्री सतिशचन्द्र न्यौपाने | – सदस्य |
| ३. कार्यकारिणी सदस्य श्री नरिमाया राना | – सदस्य |
| ४. ईन्जिनियर श्री अमृत के.सी. | – सदस्य |
| ५. लेखा अधिकृत श्री हेमन्त गुरुङ्ग | – सदस्य सचिव |

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका कार्यालय अन्तर्गत कार्यरत मुख्य कार्यालय, वडा कार्यालय, कृषि सेवा, पशु सेवा, स्वास्थ्य सेवा लगायत अन्य सम्पूर्ण सेवामा रहेका सेवा करार तर्फका कर्मचारीहरुको म्याद यहि २०७८ आषाढ मसान्तबाट समाप्त हुने भएकोले सम्पूर्ण कर्मचारीहरुको सेवा शर्त र सुविधा नगरपालिकाले तोके बमोजिम हुने गरी २०७८ श्रावण १ गतेबाट २०७८ पौष मसान्तसम्मको लागि सम्झौताको म्याद थप गरी कामकाजमा लगाउने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै विभिन्न वडाहरुमा सञ्चालित स्वास्थ्य संस्था अन्तर्गतका सेवा कार्यालयहरुको लागि दरबन्दी सृजना नभएको हुँदा हाल दरबन्दीमा नरहेका स्वास्थ्यकर्मीहरु समेतलाई समायोजन गर्ने गरी स्वास्थ्य सेवा तर्फका अन्य मौजुदा जनशक्तिबाट सेवा कार्यालयहरुको समेत दरबन्दी मिलान गर्ने र अन्य सेवा तर्फ फाजिलमा रहेका ३ जना कर्मचारीहरुको समेत पछि दरबन्दी मिलान गर्ने गरी हाललाई अन्य कर्मचारी सरह सम्झौताको म्याद थप गरी कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक बर्षको कृषि विकास कार्यक्रम अन्तर्गत सशर्त अनुदान तर्फको विभिन्न शिर्षकमा निकासा प्राप्त रकम देहाय बमोजिमका कृषि उद्यमी, कृषि सहकारी तथा कृषक समूहहरुलाई वितरण गर्ने निर्णय गरियो ।

(क) नयाँ बहुउद्देश्यीय नर्सरी स्थापनाका लागि विनियोजित रकम रू.२,००,०००।- (दुई लाख) व्यास नगरपालिका वडा नं.२ मा रहेको श्री तनहुँ कृषि सहकारी संघ लिमिटेडलाई नर्सरी घर निर्माणनार्थ उपलब्ध गराउने ।

(ख) फलफूल तथा मूल्य श्रृंखला विकास आयोजना तर्फ विनियोजित बजेटबाट सामुदायिक तरकारी नर्सरी घर निर्माणको लागि सिशुवा भतेरी कृषि सहकारी संस्था व्यास १० लाई रू.१,५०,०००। (एक लाख

पचास हजार) र लखन बहुद्देश्यीय सहकारी संस्था व्यास १० लाई रू.१,५०,०००।- (एक लाख पचास हजार) उपलव्ध गराउने ।

(ग) धान उत्पादन कार्यक्रम अन्तर्गत चालु आर्थिक बर्षको लागि निकासा प्राप्त रकम मध्येबाट ५०% अनुदान र ५०% लागत सहभागिताको अवधारणा बमोजिम क्लष्टर १ र क्लष्टर २ का समितिहरुबाट निर्णय भई आए बमोजिमको रकम सम्बन्धित शाखाको सिफारिसमा सम्बन्धित कृषि उद्यमी, कृषि सहकारी र कृषि समूहहरुलाई नियमानुसार अनुदान स्वरुप उपलव्ध गराउने ।

(घ) यस नगरपालिका अन्तर्गत वडा नं. ७ उपल्लो नरङ्गामा अन्दाजी ५० रोपनी क्षेत्रफल भएको जग्गामा अरुणा २ जातको मकैको बिउ उत्पादन गर्ने कृषक श्री नारायण गिरीलाई युरिया, डि.ए.पी. र पोटास जातका रसायनिक मल खरिद गरी प्रयोग गर्नका लागि बिल बमोजिमको रकम रू.२४,४४४।- (चौविस हजार चारसय चौवालिस रुपैंया) उन्नत मकै विज बृद्धि खरिद शिर्षकबाट उपलव्ध गराउने ।

**निर्णय नं. १०:** प्रस्ताव नं. १० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको स्वास्थ्य तथा जनसंख्या शाखाबाट सिफारिस भई आए बमोजिम यस नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका देहाय बमोजिमका निजी स्वास्थ्य संस्थाहरुको सेवा थप तथा नविकरण गर्ने र नयाँ स्वास्थ्य संस्था दर्ता प्रकृयामा रहेका देहाय बमोजिमका निजी स्वास्थ्य संस्थाहरुको स्वास्थ्य संस्था दर्ता गर्ने निर्णय गरियो ।

(क) निजी स्वास्थ्य संस्था दर्ताको लागि पेश भएका संस्थाहरुको विवरण :

| क.सं. | संस्थाको नाम | संस्थाको ठेगाना | सञ्चालकको नाम | सेवाको किसिम | वर्ग |
|---|---|---|---|---|---|
| १. | एन्जिल प्याथोलोजी | व्यास ३, निमचोक | श्री गजेन्द्र थापा मगर | प्याथोलोजी | घ |
| २. | सुविधा फार्मेसी | व्यास घ, चिमचोक | श्री आशिष श्रेष्ठ | फार्मेसी | |
| ३. | राना स्वास्थ्य क्लिनिक | व्यास २, सिद्धार्थ टोल | श्री अनीमाया लुगेली | स्वास्थ्य क्लिनिक | |
| ४. | व्यास डायग्रनोष्टिक ल्यावोरेटरी प्रा.लि. | व्यास ३, दमौली | श्री सुरेश तिमल्सेना | प्याथोलोजी | सि |

(ख) निजी स्वास्थ्य संस्थामा सेवा थपको लागि पेश भएका संस्थाहरुको विवरण :

| क.सं. | संस्थाको नाम | संस्थाको ठेगाना | सञ्चालकको नाम | सेवाको किसिम | वर्ग |
|---|---|---|---|---|---|
| १. | ऋषि स्वास्थ्य क्लिनिक | व्यास २, सिद्धार्थ टोल | श्री ऋषिकान्त गिरी | एक्सरे | |
| | | | | प्याथोलोजी | घ |

(ग) निजी स्वास्थ्य संस्था नवीकरणको लागि पेश भएका संस्थाहरुको विवरण :

| क.सं. | संस्थाको नाम | संस्थाको ठेगाना | सञ्चालकको नाम | सेवाको किसिम | वर्ग |
|---|---|---|---|---|---|
| १. | दमौली दन्त सेवा | व्यास २, बागबजार | श्री दल बहादुर ऐर | दन्त क्लिनिक | |
| २. | कलश डेण्टल क्लि निक | व्यास २ डाँग्रेखोल्सी | श्री शेर बहादुर ऐर | दन्त क्लिनिक | |
| ३. | नेशनल एपोलो अस्पताल प्रा.लि. | व्यास ३ | श्री चुरामणी दाहाल | अस्पताल | १५ शैया |
| ४. | पानस डेण्टल केयर | व्यास ३, सफासडक | श्री मिन बहादुर साउद | दन्त क्लिनिक | |
| ५. | सिन्धु प्याथोलोजी | व्यास २, दमौली | श्री राजेन्द्रभक्त पण्डित | प्याथोलोजी | |
| ६. | व्यास नगर अस्पताल प्रा.लि. | व्यास ४, दमौली | श्री कृष्णकुमार श्रेष्ठ | अस्पताल | १५ शैया |

**निर्णय नं. ११:** प्रस्ताव नं. ११ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | सिर्जनशील मार्गमा पक्की नाला | १ | ७२,७७८।०० (थप) | पूँजीगत सोधभर्ना |

| | | | | |
|---|---|---|---|---|
| २. | श्रृजनशील युवा मन्च लागू औषध | १ | २०,०००।०० | ६८ |
| ३. | लोकबहादुर थापा, शौचालय निर्माण | १ | २०,०००।०० | विपद् |
| ४. | रेशम कंडेल, कुलो क्षती पाइप खरिद | १२ | ५०,०००।०० | विपद् |
| ५. | २०० मिटर पोलिथिन पाइप खरिद | १० | ४०,०००।०० | खानेपानी |
| ६. | मिलनटोल खानेपानी ट्याङ्की संरक्षण | १ | ५०,०००।०० | विपद् |
| ७. | कन्टार टोल दुग्ध डेरी भवन संरक्षण | ५ | ५०,०००।०० | विपद् |
| ८. | काफ्लेफाँट सिँचाई पाइप खरिद | ६ | ६०,०००।०० | विपद् |
| ९. | आदिवासी जनजाती महासंघ जिल्ला समन्वय परिषद, प्रशिक्षण कार्यक्रम | १ | २०,०००।०० | ७२ |
| १०. | रामबहादुर खत्री, कुलो मर्मत | ६ | ३०,०००।०० | विपद् |
| ११. | लियो क्लव, सरसफाई कार्यक्रम | ४ | ५०,०००।०० | सरसफाई |
| १२. | छाब्दी बाराही आधारभुत विद्यालय मर्मत | १२ | २,००,०००।०० | १४२ |
| १३. | युरिया, डि.ए.पी. पोटास खरिद मकै विउ उत्पादन | ७ | २४,४४४।०० | |
| १४. | परेवाडाँडाको पहिरो नियन्त्रण, (विवेक सापकोटा) | १० | ८३,०००।०० | विपद् |

**<u>निर्णय नं.१२:</u>** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्र उत्पादन हुने दूध तथा खसी बोकाको मासुमा दिइने अनुदानका लागि विभिन्न सहकारीहरूद्धारा दोस्रो र तेस्रो चौमासिकको रकम भुक्तानीको लागि सङ्कलन रेकर्ड तथा अन्य आवश्यक कागजातहरू सहित पेश हुन आएको आवेदन अनुसार देहायका संस्थाहरुलाई तपशिल बमोजिम दोस्रो र तेस्रो चौमासिक वापतको रकम एकमुष्ठ अनुदान उपलब्ध गराउनका लागि सम्बन्धित शाखाबाट सिफारिस भई आएको हुँदा सोही अनुसार अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

आ.व.२०७७।०७८ को दुग्ध उत्पादक सहकारी संस्थाहरूको दोस्रो र तेस्रो चौमासिक (मंसिर-असार १५) को दुध सङ्कलन विवरण (खर्च शीर्षक ७१ बजेट रकम रु.१५,००,०००।

| सि.नं. | सहकारी संस्थाको नाम | ठेगाना | दुध संकलन दोस्रो र तेस्रो चौमासिक (लिटर) | अनुदान रकम |
|---|---|---|---|---|
| १ | दुम्सी दुग्ध उत्पादक सहकारी संस्था | व्यास १० | ३४५५९५।६० | ३४५५९५।६० |
| २ | बेलबास दुग्ध उत्पादक सहकारी संस्था | व्यास १३ | २६१५४३।८९ | २६१५४३।८९ |
| ३ | सेवर दुग्ध उत्पादक सहकारी संस्था | व्यास १० | ८८२३२। | ८८२३२। |
| ४ | चिन्तुटार दुग्ध उत्पादक सहकारी संस्था | व्यास ५ | १२४९६०। | १२४९६०। |
| | जम्मा | | ८२०३३१।४९ | ८२०३३१।४९ |

आ.व.२०७७।०७८ को खसी बोकाको मासु उत्पादक सहकारी संस्थाहरूको दोस्रो र तेस्रो चौमासिक (मंसिर-असार १५) को सङ्कलन विवरण (खर्च शीर्षक ७० बजेट रकम रु.५,००,०००।)

| सि.नं. | सहकारी संस्थाको नाम | ठेगाना | खसी बोका संकलन दोस्रो र तेस्रो चौमासिक (के.जी. | अनुदान रकम |
|---|---|---|---|---|
| १. | शुभदिप सामाजिक उद्यमी महिला सहकारी संस्था | व्यास ८ | ६४०७।२० | ६४०७२। |
| २. | आधारशीला सामाजिक उद्यामी महिला सहकारी संस्था | व्यास १२ | २०१२।०० | २०१२०। |
| | जम्मा | | ८४१९।२० | ८४१९२।० |

**<u>निर्णय नं. १३:</u>** प्रस्ताव नं. १३ का सम्बन्धमा छलफल हुँदा कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार अभियान अन्तर्गत खटिएका स्वास्थ्यकर्मी, चालकहरु र अन्य केही प्रशासनीक कर्मचारीहरुलाई जोखिम भत्ता उपलव्ध गराउने गरी भएको यस अघिको निर्णय अनुसार २०७८ जेष्ठ महिना अवधिसम्मको भत्ता भुक्तानी भईसकेकोमा कोभिड कोषमा रकम अभाव भएको हुँदा २०७८ आषाढ महिनादेखि यस अघिको निर्णय बमोजिम जोखिम भत्ता पाउने सूचीमा रहेका स्वास्थ्यकर्मीहरु, एम्बुलेन्स चालक र शव वाहन चालकको हकमा मात्र नेपाल सरकारको पछिल्लो निर्णय अनुसारको दरमा जोखिम भत्ता उपलव्ध गराउने साथै कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार अभियानमा खटिएका अन्य सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिने निर्णय गरियो ।